बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ | च.नं. राजश्व शाखा/............... | मितिः २०८०।०४।१७

## सहकारी संस्थाहरुबाट लिएको ऋण चुक्ता गर्ने सम्बन्धी अत्यन्त जरुरी

# सूचना । सूचना ।। सूचना ।।।

मिति २०८० श्रावण १५ गते सोमबार बेसीशहर नगरपालिकास्थित श्री जिल्ला सहकारी संघ लि., जिल्ला बचत तथा ऋण सहकारी संघ लि., जिल्ला कफि सहकारी संघ लि., र बेसीशहर क्षेत्र सहकारी समन्वय समिति सहितको प्रतिनिधि मण्डलमार्फत संयुक्त रुपमा पेश हुन आएको अनुरोध पत्रका सम्बन्धमा यस नगरपालिकाको ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानले नै निर्देश गरेबमोजिम स्वीकृत प्राप्त सहकारी तथा बैंक वित्तीय संस्थाका ऐन, नियम, विधि विधानको परिधिभित्र रही वितरण गरिएका कर्जा लगानी सबैले तिर्नु बुझाउनु पर्ने हुन्छ । कोही कसैले पनि वित्तीय संस्थाबाट आफूले लगेको ऋण समयमै तिर्न बुझाउन नसके निजको जायजेथा र एकाघरका सदस्यहरुबाट समेत असूल उपर हुने कुरा सर्वविद्धितै छ । कानूनी एवं ब्यवहारिक हिसावले समेत अस्वभाविक देखिने गरी आफूले लगेको ऋण तिर्नु बुझाउनु पर्दैन भनि केही संघ संस्थाले फैलाएको हल्लाको भरमा नलागी आफ्नै मञ्जुरीले लगेको ऋण र ऋणको ब्याज समेत तिर्न बुझाउनु हुन सबैमा अपिल गर्दछौं । सहकारी संस्था एवं बैंक वित्तीय संस्थाहरुले समेत आफ्ना सदस्यहरुलाई ऋण प्रवाह गर्दा गैरकानूनी ढंगबाट अस्वभाविक रुपमा गलत नियत राखी ऋण प्रवाह नगर्नु नगराउनु हुन अनुरोध गरिन्छ । विना कारण र विना आधार कानून विपरित सहकारी तथा वित्तीय संस्थाको ऋण नबुझाएको पुष्टी भएमा यस कार्यालयबाट प्रवाह हुने सेवा सुविधामा समेत कटौती हुने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

..............................
इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत

इमनाथ कडेल
प्रमुख प्रशासकीय अधिकृत